गण्डकी प्रदेश सरकार
# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या : ०८२/०८३

चलानी नं.:

**स्नातक तहमा अध्ययनको लागि छात्रवृत्ति (शिक्षण शुल्क मात्र) को लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना प्रकाशन मिति : २०८३/०३/२६**

काठमाडौं विश्वविद्यालय केन्द्रीय कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकको स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थी सिफारिस गरिदिने विषयक पत्र को आधारमा गण्डकी प्रदेश स्थायी वतन भई काठमाडौं विश्वविद्यालय, धुलिखेल अन्तर्गत तोकिएको विषयहरूमा शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्न चाहने कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त विद्यार्थीहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८३/०४/१४ कार्यालय समय) तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन अनुरोध छ।

**छात्रवृत्ति प्रदान गरिने विषयहरू :**

१. B. Sc in Environmental Science - १ जना

२. B. Sc in Agriculture - १ जना

३. Bachelor's in health informatics - १ जना

४. B.E. in Mining Engineering - १ जना

५. B.E. in Chemical Engineering - १ जना

६. B.E. in Environmental Engineering - १ जना

**शर्तहरु**

क. सम्बन्धित छात्रवृत्तिमा निवेदन पेश गर्ने विद्यार्थीको स्थायी वतन गण्डकी प्रदेश अन्तर्गतको जिल्ला हुनुपर्नेछ।

ख. छनौट भएमा विद्यार्थीहरूको छात्रवृत्ति रकम अन्तर्गत शिक्षण शुल्क (Tuition fee) मात्र पूर्ण रूपमा निःशुल्क हुनेछ, अन्य शुल्क विद्यार्थीले विश्वविद्यालयलाई नियमानुसार बुझाउनुपर्नेछ।

ग. छात्रवृत्तिमा निवेदन पेश गर्दा सम्बन्धित निवेदकले पेश गरेको सम्पूर्ण कागजातको प्रतिलिपी आफैले प्रमाणित गरी स्वयम उपस्थित भइ वा mosdgedu@gmail.com मा निवेदन साथ पेश गर्नुपर्ने छ ।

घ. यो छात्रवृत्ति कार्यक्रममा विज्ञान संकायमा कक्षा -१२ उत्तीर्ण भएका विद्यार्थीहरू मात्र समावेश हुन पाउनेछन्।

**विद्यार्थीले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी / नागरिकता नबनेको भए जन्मदर्ताको प्रतिलिपी,

२. शैक्षिक योग्यताको प्रमाणपत्रहरू,

३. विपन्न विद्यार्थीको हकमा स्थानीय तहको सिफारिस,

४. तोकीएको ढाँचा बमोजिमको विषय खुल्ने गरी निवेदन,

५. आफूले अध्ययन गरेको विद्यालय सरकारी वा निजी खुल्ने कागज वा विद्यार्थीले गरेको स्वःघोषणा

**थप जानकारीको लागि** : अधिकृत श्री हिरा बहादुर थापामगरः- ९७०५१७३३६९ मा सम्पर्क गर्न सकिनेछ।

*phone no. 061-467914* *E-mail- mosdgedu@gmail.com*

उप सचिव

निवेदनको ढाचाँ

मिति:-२०८३/..../......

श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

**<u>विषय:- छात्रवृत्ति (शिक्षण शुल्क) को लागि निवेदन पेश गरेको सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा यस मन्त्रालयको मिति २०८३।०४।२६ गते प्रकाशित सूचना बमोजिम म ................................, गण्डकी प्रदेश ................ जिल्ला ...................... महानगरपालिका/नगरपालिका/गाउँपालिका वडा नं ........... मा स्थायी बसोबास गरी २०............. सालमा ........................................ विद्यालयमा विज्ञान विषय लिइ कक्षा १२मा ......GPA प्राप्त गरी उत्तीर्ण गरेको र तहाँ मन्त्रालयबाट प्रकाशित सूचना र उक्त सूचनाका शर्तहरुको पूर्ण पालना गर्ने गरी काठमाडौ विश्वविद्यालयबाट प्रदान गर्ने शिक्षण शुल्क छात्रवृत्तिमा छनौट भई अध्ययन गर्न इच्छुक भएकोले आवश्यक विवरण सहित यो निवेदन पेश गरेको छु ।

<u>तपसिल:-</u>

| क.स. | विषय | प्राथमिकता क्रम (१,२,३....) राख्ने |
|---|---|---|
| १. | B. Sc in Environmental Science | |
| २. | B. Sc in Agriculture | |
| ३. | Bachelor's in health informatics | |
| ४. | B.E. in Mining Engineering | |
| ५. | B.E. in Chemical Engineering | |
| ६. | B.E. in Environmental Engineering | |

निवेदक
नाम:-
सम्पर्क नं.:-
इमेल ठेगाना:-
हस्ताक्षर:-

<u>संलग्न कागजातहरु:-</u>

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी / नागरिकता नबनेको भए जन्मदर्ताको प्रतिलिपी थान....
२. शैक्षिक योग्यताको प्रमाणपत्रहरू ( एस.इ.इ. र कक्षा १२ उत्तीर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि थान...... ।
३. स्थानीय तहले प्रदान गरेको आर्थिक रुपले विपन्न सिफारिस पत्र थान.....

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
पोखरा, नेपाल

उप सचिव